# त्रिभुवन विश्वविद्यालय

**व्यवस्थापन संकाय**

(परीक्षा नियन्त्रण महाशाखा)

**डीनको कार्यालय**
**कीर्तिपुर, काठमाडौं, नेपाल ।**

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-४३३५९८७ (परीक्षा)
०१-४३३६६०६ (परीक्षा), ०१-५९०७९२७ (थेसिस)
E-mail : fomdean@gmail.com, info@fom.tu.edu.np
: exam.mgmt.tu@gmail.com, mgmtdean.exam@gmail.com
Website : www.fomecd.edu.np, www.tudoms.org


मितिः- २०८३ । ०५ । ०१

## मौका परीक्षाको परीक्षा फाराम भर्ने सूचना

त्रि. वि. व्यवस्थापन संकायबाट संचालित सेमेष्टर प्रणालीको Bachelor of Business Administration (BBA), Bachelor of Information Management (BIM), Bachelor of Business Management (BBM), Bachelor of Public Administration (BPA), Bachelor of Mountaineering Studies (BMS), Bachelor of Hotel Management (BHM), Bachelor of Business Administration - Finance (BBA-F) र Bachelor of Travel and Tourism Management (BTTM) कार्यक्रमको आठौंसत्रको मौका परीक्षा (Chance examination) **आगामी २०८३ सालको असोज महिनामा** संचालन हुने भएकोले **उल्लेखित कार्यक्रममा सन् २०२१ मा भर्नाभई आठौंसत्रको नियमित परीक्षामा अधिकतम दुई विषयसम्ममात्र अनुतीर्ण/अनुपस्थित भएका परीक्षार्थीहरुले** आफू सम्मिलित हुन चाहेको विषयहरु स्पष्ट उल्लेखगरि परीक्षा फर्म भरी सम्बन्धित क्याम्पस/कलेजमा मिति २०८३ । ०५ । १५ गतेभित्र (परीक्षार्थीबाट जम्मा भएको शुल्क सोहि दिन बैंक दाखिला वा भोलिपल्ट मिति २०८३ । ०५ । १६ गते बैंक खुलेको पहिलो सत्रमा जम्मा गर्नु पर्ने) र सम्बन्धित क्याम्पस / कलेजले सो परीक्षा फाराम मिति २०८३ । ०५ । १७ गते भित्र क्रमानुसार रोल नं. मिलाई एवं विषय रुजुगरी आवश्यक शूल्क (एक विषय भएमा रु १,००० र दुई विषय भएमा रु १,५००) सहित यस डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा अनिवार्यरुपमा बुझाई सक्नुपर्नेछ ।

**विलम्ब शूल्क :** मिति २०८३ । ०५ । १६ देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ५००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु २,५००।- रहेको छ ।

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको बिस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ ।

**नोटः**

*(क) आठौंसत्रको नियमित परीक्षाको Result Ledger / लब्धाङ्कपत्रको प्रतिलिपी अनिवार्य रुपमा फाराम संगै सलग्न गरी पठाउनुपर्ने छ अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।*

*(ख) परीक्षा फारम, परीक्षा क्रमाङ्क (Roll Number) सानो देखि ठूलो क्रममा मिलाई सेमेष्टर अनुसारको छुट्टछुट्टै फाईलमा आवश्यक कागजात सहित मिलाएर बुझाउनु पर्नेछ ।*

*(ग) परीक्षा फाराममा विषय सच्चाईएको पाईएमा सो परीक्षाफारम रद्द गरिनेछ र सोको जिम्मेवारी स्वयम् विद्यार्थी हुनेछ ।*

*(घ) परीक्षा रोल नं. र त्रि. वि. दर्ता नं. सहितको परीक्षार्थीहरुको आन्तरिक मुल्याङ्कनको List परीक्षा फाराम संगै संलग्न गरि सो प्राप्ताङ्क परीक्षा फर्म मा समेत उल्लेख गर्नु पर्नेछ ।* ***आन्तरिक मुल्याङ्कन उल्लेख नभएका परीक्षा फाराम स्विकृत गरीने छैन ।***

क्रमशः

Dean

# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय
(परीक्षा नियन्त्रण महाशाखा)

**डीनको कार्यालय**
**कीर्तिपुर, काठमाडौं, नेपाल ।**

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-४३३५९८७ (परीक्षा)
०१-४३३६६०६ (परीक्षा), ०१-५९०७९२७ (थेसिस)
E-mail : fomdean@gmail.com, info@fom.tu.edu.np
: exam.mgmt.tu@gmail.com, mgmtdean.exam@gmail.com
Website : www.fomecd.edu.np, www.tudoms.org


मितिः- २०८३ । ०५ । ०१

*(ङ) परीक्षामा सामेल हुने परीक्षार्थीको परीक्षा रोल नं., त्रि. वि. दर्ता नं. र विषय सहितको विवरण यस कार्यालयको email id: mgmtdean.exam@gmail.com मा Excel file format मा अनिवार्यरुपमा पठाउनुपर्नेछ ।*

*(च) परीक्षाशुल्क व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-०००९९०६६०००००१ मा जम्मा गरी* ***कार्यक्रम र सत्र अनुसारको छुट्टाछुट्टै सक्कल भैचर*** *परीक्षा फाराम संगै संलग्न हुनुपर्नेछ ।*

*(छ) विद्यार्थी विवरणको Hard Copy लेखा शाखाको लागि १ प्रति र फाराम शाखाको लागि १ प्रति गरि २ प्रति अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।*

.....................
डा. भरत राई
सहायक डीन